"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको मान्यता: अनुशासन, इमान्दारी र नैतिकता।"

www.psc.gov.np

लोक सेवा आयोग
# समाचार पत्र

A Trimester Newsletter of Public Service Commission, Nepal

वर्ष - ५, अंक - ३, पूर्णाङ्क - १५ माघ-चैत्र २०७१



*आयोगका नवनियुक्त माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली पद तथा गोपनीयताको शपथ ग्रहण पश्चात् सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा आयोगका माननीय सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउँनुहुँदै ।*

## नयाँ आयोगको गठन :

मिति २०६५ फागुन ५ मा गठित आयोगको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६(५) बमोजिम मिति २०७१ फाल्गुण ४ गतेदेखि कार्यकाल समाप्त भएपछि आयोग करिब एक महिनासम्म पदाधिकारीविहीन भएको थियो । मिति २०७१ फागुन १४ को संवैधानिक परिषद् तथा मिति २०७१ चैत्र ८ को संसदीय सुनुवाई विशेष समितिको सिफारिश पश्चात मिति २०७१ चैत्र ११ देखि देहाय बमोजिम आयोगको गठन भएको छ :

**माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली**
**माननीय सदस्य श्री विन्द्रा हाडा (भट्टराई)**
**माननीय सदस्य डा. गोविन्दप्रसाद कुसुम**
**माननीय सदस्य श्री श्रीपुरुष ढकाल**
**माननीय सदस्य श्री अशोककुमार झा**
**माननीय सदस्य श्री ब्रह्मदेव राय**
**माननीय सदस्य श्री कृष्णचन्द्र झा**

आयोगका पदाधिकारीहरु सोही दिनदेखि पदबहाली हुनुभएको थियो । बहालीका क्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले आफू खरिदार पददेखि सहसचिव पदसम्म नै आयोगद्वारा सञ्चालित परीक्षा दिएर छनौट हुँदै आएकोले आयोगसँग भावनात्मक सम्बन्ध रहेको र आयोगको निश्पक्षता प्रति सदैव संवेदनशील रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले आयोग जनप्रतिनिधिहरुको विश्वास जितेको संस्था भएको र नवगठित आयोगमा प्रशासन सम्बन्धी विज्ञता भएको समूह रहेकोले आयोग आफ्ना Guiding Principle बाट विचलित नहुने तथा आयोगका काम कारवाहीहरुलाई अभाव, दवाव र प्रभावबाट मुक्त राख्नुपर्ने विषयमा जोड दिँदै कर्मचारीहरुलाई यिनै मान्यताहरुबाट निर्देशित भई कार्य गर्न निर्देशन दिनुभयो ।

### प्रकाशनमा समाविष्ट विषयवस्तुहरु


- नयाँ आयोगको गठन
- सम्माननीय राष्ट्रपति तथा आयोगका पदाधिकारी भेटघाट कार्यक्रम र आयोगका पदाधिकारीहरुको बिदाई
- आयोगबाट अनलाइन दरखास्त सेवा प्रारम्भ
- Introducing Assessment Center Methodology Training सम्पन्न
- आयोगका महत्वपूर्ण निर्णयहरु
- सरुवा/पदस्थापना
- स्वदेश तथा विदेश भ्रमण
- आर्थिक वर्ष २०७१/७२ को तेस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७१ माघ देखि चैत्र मसान्तसम्म)
- अन्तर्वार्ता
  - आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली
  - आयोगका निवर्तमान अध्यक्ष डा. कयोदेवी यमी
- सूचनामूलक लेख
- सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसारको विवरण
- आयोगको आर्थिक वर्ष २०७१।७२ को वार्षिक कार्यतालिका


सम्पादक मण्डल :
केदारनाथ शर्मा, अध्यक्ष (सहसचिव)
गीता कुमारी होमेगाई, सदस्य (उपसचिव)
सूर्य प्रसाद सापकोटा, सदस्य-सचिव (शाखा अधिकृत)

उक्त अवसरमा आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालले आयोगका नवनियुक्त पदाधिकारीहरुलाई बधाई ज्ञापन गर्नुभयो। आयोगमा नवनियुक्त पदाधिकारीहरुलाई स्वागत र सफल कार्यकालको कामना गर्दै आयोगको कार्यसम्पादन र निश्पक्षतामा आफ्नो एवं कर्मचारीहरुको तर्फबाट सदैव हरतरहले सहयोग हुने धारणा व्यक्त गर्नुभयो ।

मिति २०७१ चैत्र २७ मा आयोगका नवनियुक्त पदाधिकारीहरुलाई राष्ट्रपति कार्यालयमा आयोजित भेटघाट तथा बधाइ ज्ञापन कार्यक्रममा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले आयोगका मूल्य, मान्यता तथा निष्ठाप्रति प्रतिवद्ध रही कार्यसम्पादन गर्नका लागि निर्देशन दिनुभयो । साथै आयोगको पदाधिकारीमा नियुक्त हुनुभएकोमा बधाई, शुभकामना तथा सफल कार्यकालको कामना व्यक्त गर्नुभयो ।

आयोगको निर्णयानुसार आयोगका पदाधिकारीहरुको कार्यविभाजन देहायबमोजिम गरिएको छ ।

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | आयोगभित्र कार्य विभाजनको क्षेत्र |
|---|---|---|---|
| १ | माननीय अध्यक्ष | श्री उमेशप्रसाद मैनाली | अन्तर्वार्ता तथा सिफारिश<br>प्रशासन तथा निरीक्षण |
| २ | माननीय सदस्य | श्री विन्द्रा हाडा (भट्टराई) | उजूरी तथा विभागीय सजाय परामर्श<br>प्रश्नपत्र परिमार्जन (अप्राविधिक) |
| ३. | माननीय सदस्य | डा. गोविन्दप्रसाद कुसुम | नीति नियम तथा परामर्श<br>प्रश्नपत्र परिमार्जन (प्राविधिक)<br>लिखित परीक्षा नतिजा तयारी (अप्राविधिक) |
| ४. | माननीय सदस्य | श्री श्रीपुरुष ढकाल | सूचना तथा प्रकाशन<br>लिखित परीक्षा नतिजा तयारी (OMR) |
| ५. | माननीय सदस्य | श्री अशोककुमार झा | पाठ्यक्रम तथा मूल्याङ्कन<br>परीक्षण प्रविधि तथा अनुसन्धान |
| ६. | माननीय सदस्य | श्री व्रह्मदेव राय | लिखित परीक्षा नतिजा तयारी (प्राविधिक)<br>परीक्षा सञ्चालन (प्राविधिक) |
| ७. | माननीय सदस्य | श्री कृष्णचन्द्र झा | परीक्षा सञ्चालन (अप्राविधिक)<br>योजना तथा समन्वय |

## राष्ट्रपति तथा आयोगका पदाधिकारी भेट कार्यक्रम र आयोगका पदाधिकारीहरुको बिदाई

मिति २०६५ फागुन ५ मा गठित लोक सेवा आयोगको पदाधिकारीहरुको कार्यकाल नेपालको अन्तरिम संविधान २०६३ को धारा १२६(५) ख बमोजिम मिति २०७१ फागुन ४ देखि समाप्त हुने भएकोले मिति २०७१ फागुन ३ मा सम्माननीय राष्ट्रपतिबाट आयोगका पदाधिकारीहरुसँग बिदाई भेट कार्यक्रम आयोजना भएको थियो । उक्त भेटको अवसरमा सम्माननीय राष्ट्रपतिले आयोगका पदाधिकारीहरुले लोक सेवा आयोगका लागि संविधान, सम्बन्धित ऐन नियम तथा कार्यविधिहरुले निर्धारण गरेका कामकारवाहीहरु निष्पक्ष एवं आयोगका मूल्य, मान्यता अनुसार तटस्थ र प्रतिवद्ध भई सम्पन्न गरेकोमा आफू खुशी भएको र आयोगका पदाधिकारीहरु धन्यवादको पात्र रहनु भएको धारणा व्यक्त गर्नुभयो ।

आयोगका माननीय अध्यक्ष डा. कयोदेवी यमी तथा माननीय सदस्यहरुले आयोगको कार्यसम्पादनमा सम्माननीय राष्ट्रपतिबाट बारम्बार सहयोग एवं हौसला प्रदान भइरहेकोमा सो उपर कृतज्ञता प्रदान गर्नुभयो ।

त्यसै गरी लोक सेवा आयोगबाट आयोगका निवर्तमान पदाधिकारीहरुको मिति २०७१ फागुन ६ गते एक कार्यक्रमसाथ विदाइ गरिएको थियो । सो अवसरमा आयोगका निवर्तमान अध्यक्ष डा. कयोदेवी यमी, सदस्यहरु श्री टीकादत्त निरौला र श्री राजेन्द्रप्रसाद साहले आफ्नो कार्यकालमा काम गर्दाका क्रममा भएका अनुभवहरु बारेमा आफ्नो धारणाहरु राख्नुभएको थियो । निर्वतमान सदस्य श्री टीकादत्त निरौलाले लोक सेवा आयोगमा आफूहरु रहँदा धेरै प्रयास गर्दा पनि सरकार प्रमुख तथा राष्ट्रप्रमुखलाई ल्याई आयोगका कार्यप्रकृया, समस्याहरु आदानप्रदान गर्न नसकिएको विषयमा गुनासो व्यक्त गर्नुभएको थियो । सदस्य श्री राजेन्द्र प्रसाद साहले आयोगका पदाधिकारीहरुको नियुक्ति एकै समयमा भई कार्यावधि समाप्त पनि एकै समयमा भएकोले हाल आयोगको नेतृत्व लिने कोही नभएको धारणा व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा आयोगका निवर्तमान अध्यक्ष डा. कयोदेवी यमीले आफूले आयोगमा यस कार्यकालमा सदस्य, कार्यवाहक अध्यक्ष एवं अध्यक्ष गरी तीन प्रकारको भूमिका निर्वाह गरेको, आफ्नो कार्यकालमा संस्थागत, संगठनात्मक, कानूनी संरचना लगायतका विषयमा सुधारका कार्यहरु भएको एवं आयोगका मूल्यमान्यता भित्र रही कार्यहरु भएकोले आफूहरु सन्तुष्ट रहेको धारणा व्यक्त गर्दै आयोगका कामकारवाहीमा कर्मचारीबाट आफूलाई पूर्णत सहयोग प्राप्त भएकोले कर्मचारीहरुलाई धन्यवाद दिनुभएको थियो ।

आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालले आयोगका निवर्तमान पदाधिकारीहरुको सफल कार्यकालको प्रशंसा गर्दै सेवा निवृत्त कार्यकाल सुखद रहोस् र आयोगको कार्यसम्पादनमा अग्रजहरुको सल्लाह, सुझाव र अभिभावकत्व निरन्तर प्राप्त भइरहोस् भन्ने कामना व्यक्त गर्नुभयो ।

## आयोगबाट अनलाइन दरखास्त सेवा प्रारम्भ




*आयोगबाट लिइने अनलाइन दरखास्त संकलन सम्बन्धी विषयमा आयोगका कर्मचारीहरुलाई अभिमुखीकरण कार्यक्रमको उद्घाटन समारोह*

प्रत्येक वर्ष श्रम बजारमा साढे चारदेखि पाँच लाख जनशक्तिको प्रवेश हुने कुरा तथ्याङ्कहरुले देखाएका छन् । जनसंख्यामा हुँदै गएको बृद्धि, राजनैतिक अस्थिरता र लम्बिंदो संक्रमणकालका कारण अन्य क्षेत्रमा रोजगारीका अवसरहरु न्यून रहेको अवस्था छ । आयोगबाट हुने पदपूर्ति वार्षिक रुपमा पूर्व निर्धारित कार्यक्रम अनुसार नियमित रुपमा हुने, आयोगका कामकारवाहीमा निश्पक्षता हुने तथा सरकारी/निजामती सेवाप्रतिको बढ्दो जनचासोका कारण आयोगबाट विज्ञापन हुने पदहरुमा दरखास्त दिनेहरुको संख्या प्रत्येक वर्ष उल्लेखनीय रुपमा बृद्धि हुँदै गएको छ । आयोगका क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालयहरु, काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, गोश्वारा हुलाक तथा जिल्लास्थित हुलाक कार्यालयहरुबाट आयोगबाट हुने विज्ञापनहरुका लागि दरखास्त संकलन भइरहेकोमा उक्त कार्यलाई सहज, सरल तरिकाले सम्पन्न गर्न तथा प्रविधिमैत्री बनाउने उद्देश्यले २०७१ चैत्र २५ गते बुधबार प्रकाशित विज्ञापनमा विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणी तर्फका प्राविधिक पदहरुबाट लोक सेवा आयोग ऐन, २०६६ को दफा ३९ बमोजिम अनलाइन दरखास्त लिने कार्यको शुरुवात गरिएको छ ।

आयोगको मिति २०७१।१२।२३ को निर्णयानुसार नेपाल इञ्जिनियरीङ्ग सेवातर्फ सर्भे र सिभिल समूहका विभिन्न पदहरु र नेपाल विविध सेवातर्फ सहायक कम्प्युटर अपरेटर गरी आयोगको विभिन्न क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुबाट भएका उपरोक्तानुसार सेवा समूहको कूल १४२ पदका लागि ९० वटा विज्ञापनहरुको दरखास्त अनलाइनबाट मात्र लिने व्यवस्था गरिएको थियो । आयोगद्वारा सम्पादन हुने कार्यहरुलाई प्रविधिमैत्री बनाउँदै संगठनात्मक सबलता अभिबृद्धि गर्दै लैजाने उद्देश्यले आयोगमा एशियाली विकास बैंक (ADB) को सहयोगमा जनवरी २०१३ देखि Information and Communication Technology (ICT) आयोजना अन्तर्गत Public

Service Recruitment Management System (PSRMS) को कार्य भइरहेको छ । दरखास्त अनलाइनमा लाने कार्य उक्त आयोजनाको सहयोगमा लोक सेवा आयोग र Infinite Computer Solutions (India) Pvt. Ltd. को संयुक्त प्रयासमा भएको हो ।

अनलाइन माध्यमबाट दरखास्त संकलन गर्ने सम्बन्धमा आयोगबाट दरखास्त संकलन गर्ने क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालयहरु तथा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रका कर्मचारीहरुलाई Public Service Recruitment Management System (PSRMS) विषयमा मिति २०७१।११।१२ देखि १४ सम्म विराटनगर र नेपालगञ्जका साथै मिति २०७१।११।२० र २१ गते काठमाडौंमा गरी ३ पटक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको उद्घाटन आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले कम्प्युटरको माउस क्लिक गरेर गर्नुभएको थियो । तालिम उद्घाटन कार्यक्रममा आयोगका माननीय अध्यक्षले संगठन सफल हुनका लागि आवश्यक अन्य पक्षहरु जस्तै Software अति महत्वपूर्ण रहेको, सूचना चामत्कारिक र युद्धमय रहेको र यसमा सबैको Sponsor, Interest र Involvement हुनुपर्दछ भन्नुभयो । अनलाइन दरखास्तमा जाँदा फाइदा र बेफाइदा दुवै हुने भएकोले यसबाट आउने जोखिमलाई शुरुमा नै दृष्टिगोचर गर्नुपर्ने विषयलाई उहाँले औल्याउनु भएको थियो । उक्त अवसरमा आयोगका माननीय सदस्यहरु तथा सचिवले आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । साथै आयोगले सेवा प्रवाह गर्नेमात्र नभई आयोगको प्रतिष्ठा (Value) पनि प्रवाह गर्ने भएकोले निश्पक्षता, पारदर्शिता बृद्धि गर्न साझेदारी, समझदारी र सहयोग अभिबृद्धि गर्नुपर्ने अनलाइन दरखास्त र Mannual कार्यबीच तादाम्यता कायम गर्नुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

परीक्षणको रुपमा रहेका उक्त दरखास्त अनलाइन कार्यमा भएका सबल र सुधार गर्नुपर्ने विषयलाई मध्यनजर गर्दै आगामी वर्षदेखि आयोगबाट हुने सबै विज्ञापनहरुका दरखास्त अनलाइन गर्ने सोचतर्फ आयोग अघि बढिरहेको छ । साथै आयोगको कामकरवाही Automation गर्ने कार्यहरु पनि अघि बढिरहेका छन् ।

## Introducing Assessment Center Methodology Training सम्पन्न




*सो कार्यक्रमको समापन समारोहमा सहभागिहरु*

लोक सेवा आयोगबाट छनौट गरिने कर्मचारीहरुमध्ये नेतृत्व तहमा रहने पदहरुका लागि Behavioral Selection Method अवलम्बन गर्नका लागि Project to Prepare Public Administration for State Reforms (PREPARE) / Public Service Commission को संयुक्त आयोजनामा मिति २०७१ फागुन १० देखि १४ सम्म Introducing Assessment Center Methodology Training सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, लोक सेवा आयोगका सचिव, आयोगका पूर्व सदस्य/विज्ञहरु, UNDP बाट सञ्चालित PREPARE Project का General Deputy Director Sophie Kemhadze, National Project Director, सामान्य प्रशासन मन्त्रालयका सहसचिव, श्री सुरेश अधिकारी तथा Wider Options Consulting Pvt. Ltd., Banglore, India का Vale Gray लगायतको समूह सम्मिलित रहनु भएको थियो ।

तालिम कार्यक्रमको उद्घाटन सत्रमा नेपाल सरकारका मुख्य सचिव श्री लिलामणि पौडेलले लोक सेवा आयोगको उद्देश्य Best among the best select गर्ने, यसमा कर्मचारीहरुको सीप, दक्षता, ज्ञान, व्यवहार एवं मनोगत पक्ष पनि प्रमुख रुपमा रहने र Assessment Center अवधारणाले सो समेत मापन गर्ने हुँदा उचित कामका लागि उचित कर्मचारी छनौट गर्न यस अवधारणाले सहयोग गर्ने धारणा व्यक्त गर्नुभयो ।

आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालले यो परीक्षण पद्धति प्रभावकारी हुँदाहुँदै पनि पूर्व पद्धतिमा परिवर्तन गर्दा भौतिक, मानसिक, आर्थिक, विज्ञता लगायतका सबै पक्षहरुबाट पूर्वतयारी गरेर मात्र जानु पर्ने व्यहोरा दर्शाउनुभयो ।

उक्त ५ दिने तालिम कार्यक्रममा लोक सेवा आयोग, सामान्य प्रशासन मन्त्रालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, आयोगका

पूर्व सदस्यहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका निकायहरुबाट सहभागीहरु रहनु भएको थियो । Wider Options Consulting Pvt. Ltd., Banglore, India का Vale Gray को समूहबाट उक्त प्रशिक्षण कार्य भएको थियो । तालिम कार्यक्रममा विश्वमा अवलम्बन गरिएका Selection पद्धतिका अत्युत्तम अभ्यासहरु, Assessment Center को अवधारणा यस अन्तर्गत छनौट गर्दा प्रयोग गरिने Process, Tools and Techniques लगायतका विषयहरु समावेश गरिएका थिए ।

## आयोगका महत्वपूर्ण निर्णयहरु :

- लोक सेवा आयोगबाट आर्थिक वर्ष २०६५/६६ देखि आयोगका क्षेत्रीय निर्देशनालयहरु एवं अञ्चल कार्यालयहरु नरहेको जिल्लास्थित जिल्ला हुलाक कार्यालयहरु तथा आर्थिक वर्ष २०६७/६८ देखि गोश्वारा हुलाक कार्यालय समेतबाट विभिन्न श्रेणीका अप्राविधिक तर्फका शाखा अधिकृत वा सो सरह र सो भन्दा मुनिका पदका विज्ञापनहरुको दरखास्त संकलन हुँदै आएकोमा आगामी आर्थिक वर्ष २०७२/७३ बाट हुने विज्ञापनहरुमा आयोगको क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु रहेका जिल्लास्थित जिल्ला हुलाक कार्यालयबाट पनि दरखास्त लिने गरी मिति २०७१।१०।१९ मा निर्णय भएको ।
- नेपाल प्रहरी सेवाको प्रहरी सहायक निरीक्षक पदको मिति २०७१/७/१४ र १५ गते सञ्चालित प्रतियोगितात्मक लिखित परीक्षामा देहायका परीक्षार्थीहरुले परीक्षाको मर्यादाविपरित अनियमितता गरेको हुँदा निजहरुलाई परीक्षामा अनियमितता गरेको मितिदेखि देहायमा उल्लेख गरिएको अवधिसम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गरिनुका साथै निजहरुले परीक्षामा अनियमितता गरेको मितिदेखि आजसम्म कुनै परीक्षा दिएको भए सो समेत रद्द गर्ने गरी मिति २०७१।१०।२७ मा निर्णय भएको ।

| सि.नं. | उम्मेदवारको नाम ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | निलम्बन शुरु हुने मिति | निलम्बन गरिएको अवधि |
|---|---|---|---|---|---|
| १ | नैनबहादुर, बि.क.<br>रुम-५, दैलेख | टिके/अमृता | कमारो | २०७१।७।१४ | २ (दुई) वर्ष |
| २ | सुरेन्द्रकुमार मण्डल<br>महदेवा-६, सप्तरी | मनरुप/जलेश्वरीदेवी | फुली | २०७१।७।१५ | २ (दुई) वर्ष |
| ३ | प्रेमकुमार तामाङ<br>मेचीनगर नगरपालिका-८, झापा | वीरबहादुर/यशोदा देवी | सोम्बा | २०७१।७।१५ | २ (दुई) वर्ष |
| ४ | मिनबहादुर बोहरा<br>शनिश्चरे-५, मोरङ | प्रेम/अमृतामाया | झलक | २०७१।७।१५ | २ (दुई) वर्ष |

- देहायका सेवा, समूह, उपसमूह, श्रेणी/तहका पदहरुका लागि खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम मिति २०७१।१०।२८ देखि लागू हुने गरी मिति २०७१।१०।२७ गते निर्णय भएको :

| क्र. सं. | सेवा | समूह/उपसमूह | श्रेणी/तह | पद |
|---|---|---|---|---|
| १. | नेपाल स्वास्थ्य | सर्जरी, ग्यास्ट्रोइन्टेरोलोजिकल सर्जरी | एघारौं | प्रमुख कन्सल्टेण्ट |
| २. | नेपाल स्वास्थ्य | सर्जरी, ग्यास्ट्रोइन्टेरोलोजिकल सर्जरी | नवौं | कन्सल्टेण्ट ग्यास्ट्रो इन्टेरोलोजिक सर्जन |
| ३. | नेपाल स्वास्थ्य | मेडिसिन, चेष्ट डिजिजेज | नवौं | कन्सल्टेण्ट फिजिसियन |
| ४. | नेपाल इञ्जिनियरिङ्ग | सिभिल, एयरपोर्ट | राजपत्रांकित तृतीय | एयरपोर्ट इञ्जिनियर |
| ५. | नेपाल इञ्जिनियरिङ्ग | एरोनोटिकल | राजपत्रांकित तृतीय | एरोनोटिकल इञ्जिनियर |
| ६. | नेपाल विविध | | राजपत्रांकित द्वितीय | प्रमुख महिला विकास अधिकृत |

आयोगका पदाधिकारीहरुको पदावधि २०७१।११।४ गतेदेखि समाप्त हुने र अर्को आयोग गठन भइ नसकेको अवस्थालाई समेत ध्यानमा राखी आर्थिक वर्ष २०७१।७२ को वार्षिक कार्यतालिका अनुसार सञ्चालन गरिने नियमित कारवाही सुचारु गर्नका लागि मिति २०७१।११।६ देखि २०७१।१२।३ सम्म सञ्चालन हुने विभिन्न सेवा समूह, उपसमूहका राजपत्रांकित तृतीय श्रेणी तर्फका विभिन्न प्राविधिक पदहरुको लागि आयोगको प्रश्नपत्र भण्डारमा रहेका प्रश्नपत्रहरुबाट लिखित परीक्षा सञ्चालन गर्न र पूर्व स्वीकृत कार्यतालिका बमोजिम राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) तर्फका पदहरुको प्रतिशत निर्धारण गरी फागुनमा प्रकाशन हुने विज्ञापन प्रकाशन गर्न सचिवालयलाई निर्देशन दिने गरी मिति २०७१।११।४ मा निर्णय भएको ।

आयोगबाट पदपूर्तिका सम्बन्धमा बाह्य/अन्य निकायमा प्रतिनिधित्व गर्ने क्रममा एकरुपता कायम होस् भन्ने उद्देश्यले तयार गरिएको प्रतिनिधित्व गर्ने सम्बन्धी १५ बुँदे मापदण्ड लागू गर्ने गरी मिति २०७१।१२।१९ मा निर्णय भएको । उक्त मापदण्डमा आयोगबाट अन्य निकायमा पदपूर्ति गर्दा कार्यप्रक्रियामा एकरुपता कायम गर्नका लागि पाठ्यक्रम निर्माण र स्वीकृति, पदपूर्ति सम्बन्धी कार्यतालिका निर्माण र प्रकाशन, प्रश्नपत्र तयारी, मोडेरेशन सो को लागि विज्ञको चयन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता लिने विधि, उत्तरपुस्तिका परीक्षण गर्ने, नियुक्तिका लागि सिफारिश गर्ने लगायतका विषयहरु उल्लेख गरिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३, लोक सेवा आयोग ऐन, २०६६ लगायत सम्बन्धित कानूनहरुमा भएको व्यवस्था बमोजिम आयोगका कार्य र भूमिकालाई अझ व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउन आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालको अध्यक्षतामा लोक सेवा आयोग सुदृढीकरण कार्यसमिति मिति २०७१/१२/१९ को आयोगका माननीय अध्यक्षस्तरीय निर्णयानुसार गठन भएको । उक्त कार्यसमितिले आयोगको छनौट, परीक्षा पद्धति, अनुसन्धानका क्षेत्रहरु, सूचना प्रविधिको क्षेत्र आदि विषयमा आयोगको १० (दश) वर्षे कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम रहेको ।

लोक सेवा आयोग ऐन, २०६६ को दफा ३९ बमोजिम आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन आदि काम उपयुक्तताको आधारमा विद्युतीय माध्यमको प्रयोग गरी गर्न सक्ने व्यवस्था भए बमोजिम २०७१।१२।२५ गते प्रकाशित हुने राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहका पदहरु (प्राविधिक) मध्ये नेपाल विविध सेवा, सहायक कम्प्युटर अपरेटर, नेपाल इञ्जिनियरीङ्ग सेवा, सिभिल र सर्भे समूहका पदहरुको दरखास्त फाराम विद्युतीय माध्यमबाट स्वीकार गर्ने गरी मिति २०७१।१२।२३ मा निर्णय भएको ।

आगामी समयमा निर्माण हुने संविधानमा लोक सेवा आयोगलाई अझ थप अधिकार सम्पन्न, सशक्त र प्रभावकारी बनाउने विषयमा संविधान सभालाई आयोगको तर्फबाट आवश्यक सुझाव दिनका लागि देहायबमोजिम कार्यदल गठन गर्ने र कार्यदलले १५ दिनभित्र आयोगसमक्ष प्रतिवेदन पेश गर्ने गरी मिति २०७१।१२।२६ मा निर्णय भएको ।

| | |
|---|---|
| संयोजक | माननीय श्री विन्द्रा हाडा भट्टराई |
| सदस्य | माननीय श्री अशोककुमार झा |
| सदस्य | माननीय श्री ब्रह्मदेव राय |
| सचिव | श्री विष्णुप्रसाद लम्साल |
| सहसचिव | श्री राजीव गौतम |

## सरुवा / पदस्थापना

### अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| सि.नं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | पदस्थापना निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | सहसचिव | श्री राजीव गौतम | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।१०।१२ |
| २ | सहसचिव | श्री केदारनाथ शर्मा | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।११।२६ |
| ३ | सहसचिव | श्री मुकुन्दप्रसाद ढकाल | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/सामान्य प्रशासन मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७१।११।२६ |
| ४ | सहसचिव | श्री पशुपतिनाथ आचार्य | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७१।११।२६ |
| ५ | सहसचिव | श्री शंकरप्रसाद पौडेल | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/सामान्य प्रशासन मन्त्रालय | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | २०७१।१२।११ |
| ६ | उपसचिव | श्री झक्कप्रसाद आचार्य | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।१२।०५ |
| ७ | मुख्य मनोविज्ञानवेत्ता | श्री खगेन्द्रप्रसाद सुवेदी | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/शिक्षा मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।११।३ |
| ८ | वरिष्ठ मनोविज्ञानवेत्ता | श्री सर्मुनलाल शाक्य | शिक्षा मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।१२।११ |
| ९ | शाखा अधिकृत | श्री सविता के.सी. | सामान्य प्रशासन मन्त्रालय | सगरमाथा अञ्चल कार्यालय, खोटाङ | २०७१।११।१९ |
| १० | शाखा अधिकृत | श्री पदमबहादुर राउत | सामान्य प्रशासन मन्त्रालय | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी | २०७१।११।२६ |
| ११ | नायब सुब्बा | श्री गोविन्दप्रसाद पौडेल | सामान्य प्रशासन मन्त्रालय | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | २०७१।१०।८ |
| १२ | कम्प्युटर अपरेटर | श्री ज्ञानेन्द्र धिताल | सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७१।१०।१३ |
| १३ | नायब सुब्बा | श्री कविता गौतम | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।१२।०३ |

## स्वदेश तथा विदेश भ्रमण

- आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटामा मिति २०७१।१२।२५ देखि सञ्चालित राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको संयुक्त र एकीकृत परीक्षा प्रणाली अनुसार हुने परीक्षाको अनुगमन तथा मूल्याङ्कन गर्ने सिलसिलामा माननीय सदस्य श्री अशोककुमार झा द्वारा २०७१।१२।२१ देखि २०७१।१२।२८ सम्म धनकुटा भ्रमण ।
- लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरीद्वारा आयोजित राजपत्र अनंकित श्रेणीहरुको माग संकलन तथा पदपूर्ति सम्बन्धी अन्तरक्रिया तथा निरीक्षण सम्बन्धी कार्यक्रममा आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालबाट मिति २०७१।११।०६ देखि २०७१।११।०७ सम्म सिन्धुली र रामेछापको भ्रमण ।

## आर्थिक वर्ष २०७१/७२ को तेस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७१ माघ देखि चैत्र मसान्तसम्म)

### १. विज्ञापन, दरखास्त संकलन लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. प्रथम | - | - | - | - | १४ | ३० | ४४ | ४ | ३२ | ३६ | १० | २८ | ३८ | - | - | - |
| रा.प. द्वितीय | - | - | - | - | ३७ | ५४ | ९१ | ४९ | २३४ | २८३ | २ | १० | १२ | - | - | - |
| रा.प. तृतीय | - | - | - | - | १२५२१ | १७०९८ | २९६१९ | - | - | - | ५७ | १८१ | २३८ | - | - | - |
| रा.प.अनं. प्रथम | - | १६१२ | ८७४९७ | ५०९४६ | - | - | - | ४ | ९ | १३ | ५ | १८ | २३ | २ | १ | ३ |
| रा.प.अनं. द्वितीय | ७२४ | २४७० | ६५५७० | - | ११५ | ८८४ | ९९९ | १६२ | ३०४ | ४६६ | २२७ | ६९० | ९१७ | ७ | २३ | ३० |
| जम्मा | ७२४ | ४०८२ | १५३०६७ | ५०९४६ | १२६८७ | १८०६६ | ३०७५३ | २१९ | ५७९ | ७९८ | ३०१ | ९२७ | १२२८ | ९ | २४ | ३३ |

**द्रष्टव्य** : राजपत्रांकित तृतीय श्रेणी र राजपत्र अनंकित द्वितीय श्रेणीको लिखित परीक्षाको कूल परीक्षार्थी संख्यामा क्रमशः सशस्त्र प्रहरी निरीक्षक पदका १३२९ र प्रहरी सहायक निरीक्षक पदका ९९९ जना परीक्षार्थीहरु रहेका ।

### २. परामर्श सम्बन्धी विवरण

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| रा.प.प्रथम | – |
| रा.प.द्वितीय | ११ |
| रा.प.तृतीय | ३० |
| रा.प.अनं.प्रथम | ११ |
| रा.प.अनं.द्वितीय | ५ |
| श्रेणी विहीन | ९ |
| जम्मा | ६६ |

### ३. कुल बजेट खर्च रकम

| क्र.सं. | खर्च शीर्षक | रकम (रु. मा) |
|---|---|---|
| १ | चालु खर्च | ४१०५६८४४ |
| २ | पूँजीगत खर्च | १४६०२३५ |
| | **जम्मा** | ४२५१७०७९ |

## आयोग अन्तर्गत सरुवा

| सि. नं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री तुलसा सेडाई | केन्द्रीय कार्यालय, अनामनगर | राप्ती अञ्चल कार्यालय, दाङ | २०७१।११।१२ |
| २ | शाखा अधिकृत | श्री पदमप्रसाद मैनाली | सगरमाथा अञ्चल कार्यालय, खोटाङ | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।११।१९ |
| ३ | शाखा अधिकृत | श्री रामकृष्ण अधिकारी | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | केन्द्रीय कार्यालय, अनामनगर | २०७१।११।२६ |
| ४ | शाखा अधिकृत | श्री नारायणप्रसाद आचार्य | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | २०७१।११।२६ |

### ४. आयोगबाट अन्यत्र निकायमा काज/ सरुवा भई जानुभएका कर्मचारीहरुको विवरण

| कर्मचारीको नाम, थर र पद | सरुवा भएको निकाय | रमाना मिति | कैफियत |
|---|---|---|---|
| श्री राममणि काफ्ले, शाखा अधिकृत | राष्ट्रिय योजना आयोग | २०७१।१०।०९ | सरुवा |
| श्री बासुदेव गुरागाईं, उपसचिव | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/सामान्य प्रशासन मन्त्रालय | २०७१।१०।२९ | पदोन्नति |
| श्री मनोहरप्रसाद खनाल, उपसचिव | नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार/सामान्य प्रशासन मन्त्रालय | २०७१।१०।२९ | पदोन्नति |
| श्री गोविन्दमणि भुर्तेल, सहसचिव | श्रम तथा रोजगार मन्त्रालय वा अन्तर्गत | २०७१।१२।२४ | काज |

अन्तर्वार्ता:

## अन्तर्वार्ता: आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली र निवर्तमान अध्यक्ष डा. कयोदेवी यमीसँग आयोगका कार्यप्रक्रिया लगायतका विषयमा लिइएको अन्तर्वार्ता



माननीय अध्यक्ष
श्री उमेशप्रसाद मैनाली

### आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली

१) **लोक सेवा आयोगको अध्यक्ष पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाइ तथा सुखद कार्यकालको कामना गर्दछौं । आयोगको कार्य प्रणाली कस्तो रहेको पाउनुभयो, आफ्नो धारणा प्रस्तुत गरिदिनुहुन्छ कि ?**

सद्भाव र शुभेच्छाको लागि धन्यवाद छ, परिवार भित्रका यस्ता सकारात्मक भाव प्रेरणात्मक हुने गर्दछन् र कर्तव्य निर्वाह गर्न प्रोत्साहित गर्दछन् । जहाँसम्म आयोगको कार्यप्रणालीको प्रश्न छ यो आयोगको निश्पक्षता अटुटरुपमा कायम गर्न प्रभावकारी छ । आयोगप्रति जनविश्वास कायम हुनुका आधार भनेकै यस संस्थाको पवित्रता (Sanctity) र गोपनीयता (Secrecy) हुन् । आयोगको आन्तरिक व्यवस्थापन भन्दा बाहिर रहँदा यहाँको कार्यप्रणालीलाई जस्तो होला भन्ने सोचेको थिएँ, आयोगको अध्यक्षको पदमा नियुक्ति भए पश्चातको छोटो अवधिमा त्यस्तै रहेको पाएको छु । गोपनीयता, आन्तरिक नियन्त्रण र बहुल व्यक्तिहरु संलग्न हुने स्थापित प्रक्रियाले आयोगको विश्वसनीयता कायम हुन सकेको भन्ने लाग्दछ । यो कार्यप्रणालीका कारिगरहरु र यसलाई विकसित गरी कार्यान्वयनमा ल्याउने हाम्रा अग्रजहरुप्रति आभार व्यक्त गर्नु आफ्नो कर्तव्य ठान्दछु ।

२) **पूर्व प्रशासक पनि हुनुभएकोमा आयोगसँग लामो समयदेखि यहाँको गहिरो सम्बन्ध रहँदै आएको छ । आयोगको विगत र वर्तमानका कार्य प्रणालीका सम्बन्धमा के कस्तो तादाम्यता पाउनु भएको छ?**

म निजामती सेवाको विविध जिम्मेवारीमा रहँदा र अवकाश प्राप्त गरे पश्चात पनि कुनै न कुनै रुपमा आयोगका कामसँग धेरथोर संलग्न हुने अवसर पाएको हुँदा यहाँको कार्यप्रणालीसँग अनभिज्ञ भने थिइन । तर आयोगका यी प्रक्रियाहरुमा आफैं संलग्न हुँदा मलाइ के अनुभूति भएको छ भने आयोगको विगत र वर्तमानको कार्यप्रणालीमा त्यति धेरै परिवर्तन भएको छैन । गोपनीयता कायम गर्ने र निश्पक्षताको ग्यारेण्टी गर्न अवलम्बन गरिएको कोडिङ्ग प्रणाली लामो समयदेखि अवलम्बन गरिँदै आइएको छ । योग्यता परीक्षणलाई अझ बढी विश्वसनीय बनाउनको लागि अन्य विधिहरु अवलम्बन गर्ने काम भने विभिन्न समयका पदाधिकारीहरुबाट हुँदै आएको छ । विगतका कार्यप्रणालीको जगमा कंक्रिट राख्ने काम हुँदै आएको छ, जुन आवश्यक पनि हुन्छ ।

३) **आयोगले निजामती सेवाको पदपूर्तिको लागि उपयुक्त उम्मेदवारको छनौट गर्ने एवं निजामती सेवाको अभिभावकत्व गर्ने सम्बन्धमा खेलेको प्रभावकारी भूमिकाको कारण उच्च जनविश्वास आर्जन गरेको भनी आमधारणा रहेको पाइन्छ । यसलाई कायमै राखिराख्न के गर्नुपर्ला ?**

आयोगले मुख्य रुपमा कर्मचारी छनौट, परामर्श, संरक्षकत्व र योग्यता प्रणालीको प्रवर्द्धकको भूमिका निर्वाह गर्दै आएको छ । यी भूमिका निर्वाह गर्न आयोगलाई संवैधानिक, कानूनी र परम्परागत शक्ति प्राप्त छ । संविधानले व्यवस्था गरेका र परिकल्पना गरेका संस्थाहरुमा जनविश्वासका दृष्टिले लोक सेवा आयोग निकै माथि छ र यसमा हामी सबैले गर्व गर्न सक्नुपर्दछ । संस्थाको प्रभावकारिता पद्धति, प्रक्रिया र परम्परा (System, Process and Tradition) मा निकै हदसम्म निर्भर हुन्छ । त्यसैले यी तत्वहरुको सवल पक्षहरुलाई नभत्काइकन आयोगका काम कारवाहीमा समयानुकुल सुधार गर्न सक्नु पर्दछ । संस्थाले आन्तरिकीकरण गरेर पद्धतिकै रुपमा स्थापित हुन पुगेका प्रक्रियाहरु र कुनै पनि स्वार्थ एवं आग्रहलाई रोक्ने यसका काम कारवाहीका परम्पराहरु तोडियो भने विभिन्न शंकालाई जन्म दिने भई जनविश्वासमा कमी आउनेतर्फ हामी सबैले ध्यान दिनु जरुरी छ । विभिन्न भूमिकाका दृष्टिले हेर्ने हो भने आयोग कर्मचारी छनौटमा निश्पक्षता कायम गर्न निकै प्रभावकारी छ र यसमा जनताको तहसम्म विश्वास छ । तर, परामर्शदायी भूमिकामा भने क्रमशः कमजोर भइरहेको छ । आयोगको तटस्थ विज्ञ परामर्शलाई बेवास्ता गर्ने प्रबृत्ति बढ्दै गएको छ । निजामती कर्मचारीको संरक्षकत्वको भूमिका पनि त्यति सबल हुन नसकेको स्थिति छ । जहाँसम्म योग्यता प्रणालीको प्रबर्द्धकको भूमिका हो यसमा अन्य संस्थाहरुको सकारात्मक सोच बनेको देखिँदैन भने आयोग स्वयंले पनि योग्यता प्रणालीका सिद्धान्त, मापदण्ड र विधि विकसित गर्नमा कम प्राथमिकता दिएको देखिन्छ । त्यसैले जनविश्वासलाई कायम राख्न परम्परागत विधि प्रक्रियालाई कायम राख्दै योग्यता प्रणालीलाई प्रवर्द्धन गर्न अनुसन्धान पक्षमा बढी ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकता देखिएको छ ।

४) **वर्तमान आयोगको गठन प्रशासनको क्षेत्रमा लामो अनुभव र दक्षता प्राप्त पदाधिकारीहरुबाट भएको छ । कार्यप्रकृतिलाई अझै सबल र सुदृढीकरण गर्न भावि कार्यक्रमहरु केही रहेका छन् कि?**

वर्तमान आयोगको गठनमा पूर्व प्रशासकहरुको बहुमत रहेको छ र प्राज्ञिक तथा अन्य क्षेत्रको पनि प्रतिनिधित्व भएको छ । तर अनुभव मात्र नै सबथोक हो भन्ने भ्रम मलाई छैन । दार्शनिक तर्क छ - अवसर विनाको क्षमता र क्षमता विनाको अवसर व्यर्थ हुन्छन् । हाम्रो अहिलेको टिमले अवसर त पाएको छ र अब क्षमता प्रदर्शन गर्ने बेला आएको छ । समयको हाँकलाई सामना गर्न सक्ने र पूर्वानुमान गर्न नसकिने चुनौतिमा समेत

अब्बलरुपमा सेवा दिन सक्ने कर्मचारीतन्त्र कसरी बनाउने हो ? त्यसमा हाम्रो ध्यान जानु पर्दछ। बजारका उत्कृष्ट प्रतिभाहरुलाई सरकारी सेवामा आकर्षित गर्ने रणनीति लागू गर्ने चुनौति छ। अझ पनि अन्तर्वार्तालाई अन्य परीक्षण विधि जतिकै विश्वास गरिएको देखिँदैन । यसर्थ योग्यता परीक्षण विधिमा आधुनिक युग सुहाँउदो परिवर्तन गर्ने काममा हामी लाग्नेछौं । आयोगको सीमित क्षेत्राधिकारलाई विस्तार गर्दै यसको संवैधानिक भूमिका बढाउनेमा पनि वर्तमान आयोग लाग्नेछ ।

**५) आयोग सम्बन्धी अन्य प्रासंगिक विषयहरु केही भए दर्साइदिनुहोस्।**

यो आयोग साँच्चै नै जनताको योग्य सन्ततिलाई जागिर दिने संस्था हो भन्ने जनस्तरसम्म परेको छ । तर, आधुनिक युग सुहाउँदो प्रतिस्पर्धात्मक कर्मचारीतन्त्र निर्माण गर्न परीक्षण विधिमा परिवर्तन गर्न आवश्यक छ । त्यस्तै शिघ्र परिवर्तन भइरहेको प्रविधिसँग मेल खाने गरी आयोगका कार्यप्रणालीमा सुधार ल्याउन सक्नु पर्दछ । अनलाईन दरखास्त दिन सक्ने व्यवस्था हालै भएको छ र भविष्यमा कम्प्युटरमा आधारित परीक्षा प्रणाली (Computer Based Examination) र इलष्ल्भि भ्हकक्ष्लबतष्यल जस्ता व्यवस्था गर्न तयारी गर्दै जानु पर्दछ । यस बाहेक आयोगका पदाधिकारी र कर्मचारीहरुको कार्यसंस्कृति यस्तो हुनु पर्दछ कि हाम्रा कामहरुले अगजहरुप्रति आभार, आफ्नै पुस्ताप्रति न्याय र भविष्यका पुस्ताहरुका लागि कर्तव्य निर्वाह गरेको देखियोस् । हामी सबैले यही प्रतिवद्धता व्यक्त गरौं ।

## आयोगका निवर्तमान अध्यक्ष डा. कयोदेवी यमी


*निवर्तमान अध्यक्ष डा. कयोदेवी यमी*

१) **लोक सेवा आयोगको सदस्य, कार्यवाहक अध्यक्ष र माननीय अध्यक्ष गरी विभिन्न पदमा रही आयोगमा पदावधि समाप्त भई सेवा निवृत्त हुनुभएकोमा यहाँका सेवा निवृत्त जीवन सुखमय रहोस् भन्ने कामना गर्दछौं। सेवा निवृत्त जीवनलाई के कसरी उपयोग गरीरहनुभएको छ ?**

लोक सेवा आयोगको सदस्य (२०६५।११।५-२०६५।१२।९), कार्यबाहक अध्यक्ष (२०६५।१२।९-२०७०।१।२४) र अध्यक्ष (२०७०।१।२५-२०७१।११।५) जस्ता गरीमामय पदहरुमा बसी देशको सेवा गर्न पाएको अवसरलाई मेरो जिन्दगीको एक अत्यन्त महत्वपूर्ण सुनौलो अवसरको रुपमा लिएकी छु ।

लोक सेवा आयोग जस्तो तटस्थ, निष्पक्ष,विधि र विधानबाट चल्ने संवैधानिक निकायबाट यस राष्ट्को विकास तथा निर्माणका लागि खटिने निजामती कर्मचारीको छनौट गर्ने आधार तय गर्ने र छनौट गरी सिफारिश गर्ने जिम्मेवारी भनेको मेरा लागि एउटा ठूलो अवसर थियो। सो कार्यमा आयोगका तत्कालीन माननीय सदस्यहरु, साथीहरु, सम्पूर्ण कर्मचारीहरुबाट पाएका सुझावहरु, सहयोग, सदासयता र सद्भावले मैले सक्रियताका साथ इमान्दारीपूर्वक छ बर्षको कार्यकाल सम्पन्न गर्न पाएकोमा मेरो तर्फबाट सबैलाई धन्यवाद दिन्छु ।

लोक सेवा आयोगको अति व्यस्त छ बर्षे कार्यकाल पूरा गरी सकेपछि ओभेलमा परेको मेरो सानो कटेरोको मर्मत सम्भार एवं लिपपोतमा व्यस्त भएँ । म प्राविधिक पृष्ठभूमिबाट आएकोले हाल देशको सेवाको लागि विशेष गरी कृषि क्षेत्रमा विज्ञान तथा प्रविधिको माध्यमबाट के-कस्तो योगदान पुऱ्याउन सकिन्छ भन्ने बारे अध्ययन गरिरहेको छु ।

२) **यहाँको कार्यकालमा आयोगको कार्यप्रवाहमा के कस्ता रचनात्मक सुधारका कार्यहरु भए, संक्षेपमा उल्लेख गरिदिनुहोस्।**

**मेरो कार्यकालमा गरेका रचनात्मक सुधारहरु**

- लोक सेवा आयोगको परीक्षा बढी आकर्षक, परीक्षार्थीले बुझ्ने बनाउन परीक्षाको माध्यम भाषा नेपाली मात्र भएकोमा अंग्रेजी वा नेपाली वा दुबै भाषा कायम गरियो ।
- सरकारी सेवाप्रति बढ्दो आकर्षणले गर्दा हरेक वर्ष लाखौंको संख्यामा आवेदन दिने परीक्षार्थीहरुको चाप व्यवस्थित गर्न लिखित परीक्षाको नतिजा छिटो छरितो प्रकाशन गर्न Optical Mark Reader (OMR) मेसिन प्रयोग गरी Multiple Choice Questions(MCQ) को नतिजा प्रकाशन गर्न थालिया ।
- एक्काइसौं शताब्दीमा Information Technology को अधिकतम प्रयोग भइरहेको हुनाले खरिदार, नायब सुब्बा र शाखा अधिकृत वा सो सरहका केही पदहरुका लागि कम्प्युटर सीप परीक्षण अनिवार्य गरियो । सो को लागि आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय एवं अञ्चल कार्यालयहरुमा कम्प्युटर प्रयोगशालाको स्थापना गरियो ।
- आयोगबाट सम्पन्न हुने काम कारवाहीलाई व्यवस्थित गर्न यस अवधिमा लोक सेवा आयोग ऐन, २०६६, नियमावली २०६७, कार्यपद्धति दिग्दर्शन २०७०, परीक्षा सञ्चालन म्यानुअल र लोक सेवा आयोगका पदाधिकारी एवं विज्ञ र कर्मचारीहरुको आचार संहिता २०६९ कार्यान्वयनमा ल्याइएको छ ।

**Organization & Management Survey, 2070 को आधारमा आयोगमा गरिएको संगठनात्मक सुधार:**

- आयोगको क्षेत्रीय निर्देशनालयहरुका प्रमुख सहसचिवसरह र अञ्चल कार्यालयहरुका प्रमुख उपसचिवसरह रहने गरी दरबन्दी कायम गरिएको छ ।
- आयोगको केन्द्रीय कार्यालय र मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयबाट प्रकाशन हुने विज्ञापनहरुका दरखास्त संकलन स्विकृति र व्यवस्थापनका लागि काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रको स्थापना भएको छ ।

**पूर्वाधार निर्माण :**

- आयोगको सगरमाथा अञ्चल कार्यालय, दिक्तेलमा कार्यालय भवन निर्माण सम्पन्न भएको छ भने सुदूर पश्चिमाञ्चल निर्देशनालय, दिपायलको कार्यालय भवनको निर्माण प्रारम्भ भइसकेको छ ।
- पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, जनकपुर अञ्चल कार्यालय जलेश्वर, धवलागिरी अञ्चल कार्यालय, बाग्लुङको

परीक्षा भवन निर्माण कार्य सम्पन्न भइसकेको छ भने मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको परीक्षा भवन निर्माण अन्तिम चरणमा रहेको छ ।

**अन्य विषयहरु**

- एक्काइसौं शताब्दीमा Environmental Science, Information Technology, Microbiology, Population Studies, Journalism र अन्य नयाँ नयाँ विषयहरु लिई तयार भएका जनशक्तिलाई पनि सरकारी सेवामा आकर्षण गर्न अप्राविधिक तर्फ राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहका पद, राजपत्रांकित प्रथम श्रेणी नायब सुब्बा वा सो सरह पद र राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहका पदहरुमा खुला लिखित प्रतियोगिताको संयुक्त एवं एकीकृत परीक्षा प्रणाली (Integrated and Unified Examination System) लागु गरिएको छ ।
- समावेशी पदहरुमा बढी से बढी समावेशी उम्मेदवारले मौका पाउन् भनी विज्ञापनदेखि सिफारिशसम्म खुला तर्फको विज्ञापन क्रमसंख्या अगाडी गर्ने गरिएको छ ।
- खुला तथा आन्तरिक प्रतियोगिताका सबै श्रेणीको पदहरुको नतिजा प्रकाशन गर्दा बैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्ने गरिएको छ ।
- परीक्षण प्रणालीलाई विश्वसनीय र व्यवहारिक बनाउन राजपत्रांकित प्रथम र द्वितीय श्रेणीका लिखित परीक्षाका उत्तर पुस्तिकाहरु विज्ञहरुले आयोगमै बसेर परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- लिखित परीक्षामा परीक्षार्थीहरुले मसीको रंगको माध्यमबाट संकेत गर्न नसकुन् र मसीको एकरुपता कायम गर्न परीक्षार्थीहरुले कालो मसी मात्र प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- कमलपोखरीस्थित लोक सेवा आयोगको पुरानो भवन र जग्गा युवा तथा खेलकुद मन्त्रालयबाट फिर्ता लिइएको छ ।

३) **यहाँको कार्यकालमा सुधार गर्न अत्यावश्यक देखिएका तर प्रयासका बावजुद पनि पुरा गर्न नसकिएका पक्षहरु केही रहेजस्तो लाग्दछ ?**

- एशियाली विकास बैंकको सहयोगमा सञ्चालित ICT Project अन्तर्गत Online Application Form लिने कार्य अन्तिम अवस्थामा भएपनि शुरु गर्न सकिएन ।
- कमलपोखरी स्थित लोक सेवा आयोगको पुरानो भवन भत्काएर नयाँ भवनको शिलान्यास गर्न बजेट सम्म स्वीकृति गराइयो तर निर्माण कार्य शुरु गर्न भ्याइएन ।
- जनसंख्याको चाप बढी भएका केही क्षेत्रहरुमा आयोगका थप कार्यालयहरुको आवश्यकता रहेको छ । Organization and Management Survey गराएर सो कार्य पुरा गर्ने योजना थियो, पूरा हुन सकेन ।

४) **लोक सेवा आयोग सुधारका निम्ति भविष्यमा के कस्ता नीति तथा कार्यक्रम ल्याउन उपयुक्त हुने देख्नुहुन्छ र तिनको प्रभावकारी कार्यान्वयनका लागि के कस्ता उपायहरु अवलम्बन गर्नुपर्ला ?**

लोक सेवा आयोगले आर्जन गरेको विश्वसनियता, स्वच्छता, निष्पक्षता, पारदर्शिता र गोपनीयतालाई अझ सबल एवं सुदृढ पार्न निम्न नीति एवं कार्यक्रम ल्याउन उपयुक्त देखिन्छ :

- ऐन कानुनको व्याख्या व्यक्तिको हितमा नगरी सार्वजनिक हितको आधारमा गर्नुपर्छ । विधिको शासनलाई मूल मन्त्र बनाउनुपर्छ ।
- धेरै पदहरुको पाठ्यक्रमहरु पुराना भइसकेको र प्रश्नपत्रहरु दोहोरिने सम्भावना भएकोले समयानुकुल पाठ्यक्रम परिमार्जन गर्दै लानुपर्दछ । यस सम्बन्धमा लोक सेवा आयोग बरु एचय( बअतशखभ भएर काम गरेको पाइन्छ तर सम्बन्धित मन्त्रालयले बढी ध्यान दिनुपर्ने हो ।
- खुला प्रतिस्पर्धा सरकारी सेवा बाहेक विश्वविद्यालय वा नीजि क्षेत्रबाट जनशक्ति आकर्षण गर्न राखेकोमा पाठ्यक्रम आन्तरिक प्रतियोगिताको परीक्षाको पाठ्यक्रम भन्दा खासै भिन्न नभएकोले खुलामा प्राय कार्यरत निजामती कर्मचारी नै उत्तीर्ण भएर आउने भएकोले खुला तर्फको परीक्षाको लागि पाठ्यक्रम र प्रश्पत्र आन्तरिकको भन्दा भिन्न हुनु पर्दछ ।
- लोक सेवा आयोगले भोगेका समस्याहरु, सुझावहरु र कार्य प्रगति भएको वार्षिक प्रतिवेदन व्यवस्थापिका संसदमा छ बर्षको कार्यकालमा दुई पटकमा मात्र छलफल भएको पाइयो । सो छलफल हरेक वर्ष हुनुपर्दछ र लोक सेवा आयोगले दिएको परामर्श बाध्यकारी हुनुपर्दछ ।
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा अन्य संस्थाहरुमा छनौट प्रक्रियाका लागि आयोगबाट परामर्श दिइएको सामान्य सिद्धान्त लागू गर्ने सम्बन्धमा निस्वार्थ ढंगले काम गर्नु पर्दछ । सुन पानी छर्के जस्तो गरी लोक सेवा आयोगको प्रतिनिधित्व गर्ने हो भने लोक सेवा आयोगले आर्जेको साख र निश्पक्षता माथि पनि आँच आउने सम्भावना हुन्छ ।
- लोक सेवा आयोगले परीक्षा लिएर छनौट गरेका उम्मेदवार हरुलाई सिफारिश गरिन्छ तर ती छनौट best of the best उम्मेदवारहरु के कस्ता कार्यालयहरुमा काम गरिरहेका छन्, उनीहरुको कार्यसम्पादन र गुनासाहरु के कस्ता छन् सो बारेमा लोक सेवा आयोगले चासो देखाएर अनुसन्धान गरेमा भविष्यमा छनौट प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकिन्छ ।
- लोक सेवा आयोगको छनौट प्रक्रिया पास गरेर सरकारी सेवामा प्रवेश गर्न पाइन्छ भनेर धेरै नेपाली जनतालाई थाहा छैन । देशका कुना काप्चा सम्म प्रचार प्रसार गर्ने माध्यमको अवलम्बन गर्नु पर्दछ । दरखास्त आह्वान देखि नतिजा प्रकाशन सम्मका कार्यहरु SMS को माध्यमबाट सर्वसाधारणलाई जानकारी गराउन सकियो भने बढी प्रभावकारी हुने देखिन्छ ।
- जुन मनसायले समावेशी कोटा छुट्याइएको हो कानूनको स्पष्टताको अभावले लक्षित गरेका समुदायहरुलाई छनौट गरी सिफारिश गर्न कठिन भइरहेको छ त्यसैले आर्थिक र सामाजिक रुपमा पछि परेका व्यक्तिहरुको सही पहिचान गर्ने आधारको स्पष्टता चाहिएको छ । अपाङ्ग कोटाको नाममा साँच्चै अपाङ्गभन्दा पनि साधारण अपाङ्गता भएकाहरुले परीक्षा पास गरी सरकारी सेवा प्रवेश पाइरहेका छन् त्यसैले कस्तो अपाङ्गता कुन पदलाई आवश्यक पर्ने स्पष्ट आधार हुनुपर्दछ ।

## सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उप सचिव श्री गीताकुमारी होमेगाइ र शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटाले लोक सेवा आयोगको विज्ञापन र परीक्षाका बारेमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

**१. लोक सेवा आयोगको मुख्य काम, कर्तव्य र अधिकार के के हुन ?**

लोक सेवा आयोगको मुख्य कार्यहरु निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु, निजामती सेवाका शर्त सम्बन्धी कानून लगायत निजामती सेवाका पदमा नियुक्ति, वढुवा र विभागिय कारवाही, निजामती सेवा वा पद परिवर्तन गर्दा तथा तोकिए बमोजिम अन्य सेवा वा पदको नियुक्ति र वढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिनु रहेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ अनुसार लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम उल्लेख गरिएको छ ।

(१) निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।

(२) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(३) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-

(क) निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

यसका साथै आयोगबाट परामर्श लिनुपर्ने विषयमा देहायअनुरुप व्यवस्था गरिएको छ ।

(क) सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(ख) कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसँग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोक सेवा आयोगले परामर्श दिन सक्नेछ ।

(ग) यस संविधानको अधीनमा रही लोक सेवा आयोगको अन्य काम, कर्तव्य र कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

**२. आयोगले हाल शुरुवात गरेको अनलाईन दरखास्त भनेको के हो ?**

अनलाईन दरखास्त भनेको आयोगबाट पदपूर्तिका लागि आह्वान गरिएका विज्ञापनहरुमा विद्युतिय उपकरणको माध्यमबाट दरखास्त फाराम बुझाउन सकिने व्यवस्था हो । लोक सेवा आयोगले पहिलो पटक मिति २०७१ चैत्र अन्तिम बुधवार राजपत्र अनंकित द्वितीय श्रेणी (प्राविधिक) खरिदार वा सो सरह तथा स्वास्थ्य सेवाको चौथो तहको विज्ञापन प्रकाशन गर्ने क्रममा प्रकाशित विज्ञापनहरुको केहि निश्चित सेवा, समूह र पदहरुमा मात्र अनलाईन दरखास्त आह्वान गरिएको थियो । आयोगको मिति २०७१।१२।२३ को निर्णयानुसार राजपत्र अनंकित द्वितीय श्रेणी (प्राविधिक) तर्फ देहायका सेवा, समूह, उपसमूह तथा पदहरुका लागि अनलाईन मार्फत मात्र दरखास्त आह्वान गरिएको थियो ।

| क्र.सं. | पद, सेवा, समूह, उपसमूह |
|---|---|
| १. | खा.पा.स.टे., इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी |
| २. | नायव जलविज्ञान सहायक, इञ्जि., सिभिल, हाइड्रोलोजी |
| ३. | अमिन, इञ्जिनियरिङ्ग, सर्भे |
| ४. | सहायक कम्प्युटर अपरेटर, विविध |

आयोगमा सन २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालित Information Communication Technology Development (ICT) आयोजना अनुसार लोक सेवा आयोग नेपाल र Infinite Computer Solution India Pvt. Ltd. को संयुक्त पहलमा नमुनाको रुपमा यस कार्यको थालनी गरिएको हो ।

**३. अनलाईन दरखास्तका फाइदा/महत्व र समस्याहरु के के हुन ?**

**अनलाईन दरखास्तका फाइदा/महत्वहरु देहाय बमोजिम रहेका छन :-**

- यसले दरखास्त दिने र लिने दुबै पक्षलाई आधुनिक प्रविधि मैत्री बनाउन सहयोग गर्दछ ।
- विद्युतिय शासनलाई बढावा गर्दै सुशासनलाई अभिवृद्धि गर्न सहयोग गर्दछ ।
- उम्मदेवारहरुले घरमै बसेर फाराम भरी Submit गर्न सक्ने भएकोले समय, श्रम, लागत कम हुनुका साथै दरखास्तको वढ्दो संख्यालाई व्यवस्थित गर्न सहयोग पुग्दछ । दरखास्त लिने स्थानहरुमा भिडभाड कम गर्दछ ।
- कागजी कामलाई कम गर्दछ ।
- सेवा प्रवाह छिटो, छरितो र सहज हुने हुन्छ ।

- उम्मेदवारको दरखास्त दोश्रो पक्षले भरिदिने सम्भावना हुँदैन ।
- दरखास्त लिने निकायहरुमा पनि थोरै जनशक्ति भए पुग्ने, अभिलेख छिटै अद्यावधिक हुने, लागत कम लाग्ने, परीक्षा सञ्चालन लगायत पछि लिखित परीक्षा तथा सिफारिशको नतिजा प्रकाशन गर्न, अन्तर्वार्ता कार्यक्रम तय गर्न पनि सहज र छिटो हुने हुन्छ ।
- उम्मेदवारले पेश गरेको दरखास्त बढि गोपनीय र सुरक्षीत हुने हुन्छ ।
- दरखास्त स्वीकृत अस्वीकृत, Pending भएको जानकारी मोवाइल फोनमा SMS मार्फत र Email मार्फत जानकारी प्राप्त गर्न सकिनेछ ।
- नेपाल सरकारले अवलम्बन गरेको विद्युतीय सरकार (e-Governance) को उद्देश्य प्राप्त गर्न सघाउ पुग्दछ ।

**अनलाईन दरखास्त आह्वान गर्ने तथा भर्ने विषयमा रहेका समस्याहरु देहाय बमोजिम रहेका छन् :-**

१. यसको लागि सबैतिर विद्युत/जेनेरेटरको सुविधा आवश्यक पर्ने भएकोले दरखास्त दिन चाहनेहरु सबैको पहुँच नपुग्न सक्दछ ।

२. हालको अवस्थामा दरखास्त दस्तुर बुझाउन बैंकको व्यवस्था भई नसकेकोले परीक्षा दस्तुर बुझाउनका लागि आयोगका दरखास्त माग गर्ने निकायहरुमा पुग्नै पर्ने बाध्यता छ ।

३. दरखास्त फाराम भर्दाको अवस्थामा नै विज्ञापनमा उल्लेखित विवरणहरुलाई प्रर्याप्त मात्रामा अध्ययन नगरिएको खण्डमा पछि आवश्यक कागजात पुरा नभई सिफारिशको अवस्थामा समेत दरखास्त रद्द हुन सक्ने अवस्था (संलग्न हुनुपर्ने कागजात, समावेशी सम्बन्धी कागजात आदि के कहाँ कस्तो संस्थाले जारी गर्दछ स्पष्ट हुनुपर्ने देखिन्छ ।)

४. आयोगको Data center आयोगमा नभई अन्यत्र हुने हुँदा सुरक्षाको समस्या र यसको क्षमता विस्तार गर्नुपर्नेछ ।

५. एकपटक दरखास्त Submit गरिसकेपछि केहि नमिल्ने भएमा पुनः संशोधन गर्न कठिन हुने हुँदा दरखास्त भर्दा ध्यान दिनुपर्छ ।

६. दरखास्त Submit गर्दाको विवरण र उम्मेदवारको सक्कल कागजातमा रहेका विवरणहरु फरक परेको खण्डमा दरखास्त जुनसुकै बखत रद्द हुने हुन्छ ।

**४. अनलाईनबाट दरखास्त दिदां ध्यान दिनुपर्ने विषयहरु के के हुन् ?**

अनलाईनबाट दरखास्त दिंदा देहायका विषयमा ध्यान दिनु पर्दछ :-

प्रकाशित विज्ञापनका विषयमा अद्योपान्त अध्ययन गर्ने, अनलाईबाट दरखास्त दिने तौरतरिकाका बारेमा उक्त विज्ञापनमा नै उल्लेख गरिएको हुन्छ ।

- आफूले दरखास्त दिन लागेको पदसँग सम्बन्धित ऐन, नियम राम्ररी अध्ययन गर्ने र आवश्यक पर्ने कागजात लागायतका विषयमा जानकारी राख्ने ।
- आयोगको website: www.psc.gov.np मा गएर online application मा Login गर्ने ।
- सर्वप्रथम आफ्नो user create गरी user name बाट login गरी दरखास्त फाराम भर्नुपर्नेछ ।
- दरखास्त User create गर्दा र फाराम भर्दा भर्नुपर्ने विवरणहरु सत्य तथ्य र प्रष्ट रुपमा भुर्नपर्नेछ । अन्यथा जुनसुकै बखत दरखास्त रद्द हुने एवं प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।
- अनलाईन दरखास्तमा उम्मेदवारले एकपटक व्यक्तिगत विवरण भरिसकेपछि अन्य समयमा दरखास्त पेश गर्दा व्यक्तिगत विवरण वाहेकका अन्य विवरणहरु मात्र अद्यावधिक गरे पुग्छ । व्यक्तिगत विवरणमा केही थप गर्नुपरेमा (तालिम, शैक्षिक योग्यता, नोकरी अवधि आदि) थप गर्न सकिन्छ ।
- आफ्नो Password सुरक्षित तरिकाले राख्नुपर्दछ । किनकी प्रत्येक पटक sign in गर्दा सोही Password प्रयोग हुन्छ ।
- फाराम भर्दा प्रत्येक विवरण पूर्ण र स्पष्ट रुपमा भर्नुपर्दछ ।
- फाराम अन्तिम पटक submit नगर्दा सम्म भरिसकेका विवरणहरु सच्याउनु परेमा back button मा गएर सच्याउन सकिन्छ ।
- उम्मेदवारको दरखास्तसम्बन्धी विज्ञापनमा तोकिएको साइजको फोटो र स्पष्ट देखिने दस्तखत नमूना Scan गरी upload गर्नुपर्दछ ।
- दरखास्त भर्दा आफूले भर्न चाहेको विज्ञापन कुन कुनमा भर्ने हो (आ.प्र., खुला र समावेशी) सो को चयन र सो अनुसार आफ्नो कागजात भए नभएको यकिन गर्नुपर्दछ । माग गरिएको श्रेणी वा तहको सेवा, समूह,उपसमूह, पद/तहका लागि आवश्यक शैक्षिक योग्यता तथा पाठ्यक्रमको ढाँचा फाराम भर्दा उपलब्ध हुने भएकोले सो राम्ररी अध्ययन गर्नुपर्दछ ।
- दरखास्त भर्दा मोवाइल नं. अनिवार्य राख्नुपर्दछ । यसमा दरखास्त प्राप्त भएको, स्वीकृत भएको message आउँदछ ।
- उम्मेदवारले अनिवार्य रुपमा विज्ञापन हुँदाका बखत आयोगद्वारा तोकिएका शर्तहरु पालना गर्न मञ्जुर छु (I agree to the terms & condition of PSC) को OK button मा click गर्नुपर्दछ ।
- परीक्षा दस्तुरका लागि आफूलाई प्राप्त Master ID सहितको भर्पाई लिइ तोकिएको निकाय/स्थानमा परीक्षा दस्तुर बुझाउनुपर्दछ ।
- प्रवेशपत्र कहिलेसम्म उपलब्ध हुन्छ सो को जानकारी राख्नुपर्दछ, दरखास्त फाराम स्वीकृत भएको जानकारी उम्मेदवारले उपलब्ध गराएको मोवाइलमा SMS प्राप्त हुनेछ । उम्मेदवारले आफ्नो User name बाट sign in गरी E-admit card मा click गरी आफूले फाराम भरेको विज्ञापनको प्रवेशपत्र लिनुपर्नेछ । परीक्षा दिन आउँदा अनिवार्य रुपमा उक्त प्रवेश पत्र ल्याउनुपर्दछ ।
- दरखास्त फाराम भर्दा शैक्षिक योग्यता, नागरिकता, तालिम, अनुभव, समावेशी आदिको कागजात Scan गरिरहनुपर्दैन । लिखित परीक्षाबाट उत्तिर्ण भई सकेपछि अन्तर्वार्ताको क्रममा उक्त आवश्यक कागजातहरुको सक्कलसाथ नक्कल पेश गर्नुपर्दछ । यी सक्कल कागजात र दरखास्त फाराममा भरेको विवरण फरक परेमा नियमानुसार दरखास्त रद्द हुनेछ ।

**५. अपाङ्गता परीचयपत्र कति प्रकारका हुन्छन् ?**

नेपाल सरकारले अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९

अनुसार अपाङ्गता परिभाषा तथा अपाङ्गपनको निर्धारण सम्बन्धमा अपाङ्गता सम्बन्धी मापदण्ड तोकेको छ। सामान्यतया अपाङ्गतालाई शारीरिक, दृष्टिसम्बन्धी, सुनाई सम्बन्धी, श्रवणदृष्टिविहीन, स्वर बोलाई सम्बन्धी, मानसिक, बौद्धिक तथा वहुअपाङ्गताका रुपमा वर्गिकरण गरिएको छ। त्यस्तै अशक्तताको गाम्भिर्यताका आधारमा अपाङ्गतालाई पूर्ण, अति अशक्त, मध्यम, सामान्य अपाङ्गताका रुपमा वर्गिकरण गरेको छ । यस्तै अपाङ्गताका गाम्भिर्यताका आधारमा अपाङ्गता परीचयपत्रलाई देहाय अनुरुप वर्गिकरण गरिएको छ ।

क) **पूर्णअशक्त अपाङ्गताः–** व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरु, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, पूर्ण रुपमा श्रवण-दृष्टिविहीन व्यक्तिहरु तथा आफैँ हलचल गर्न नसक्ने गरी पूर्ण रुपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरुलाई "क" वर्गको अपाङ्गताको परिचयपत्र वितरण गरिनेछ । यस वर्गको परिचयपत्र रातो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

ख) **अतिअशक्त अपाङ्गताः–** निरन्तर अरुको सहयोग लिएरमात्र दैनिक जीवन सम्पादन गर्न आवागमन गर्न सञ्चार गर्न, लेखपढ गर्न सक्षम हुने व्यक्तीहरु, पोलियो वा अन्य कारणले शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षघात भई वा मांशपेशी विचलन भई वा मस्तिष्क पक्षघात भई कम्मरभन्दा मुनिको भाग क्रियाशील हुन नसकी ह्विलचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु, दुवै हातको पाखुरा मुनिको अङ्ग नभएका वा नचल्ने, कम्मरभन्दा मुनिका अङ्ग नभएका वा नचल्ने व्यक्तिहरु, दुबै खुट्टा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरु, पूर्ण दृष्टिविहीन व्यक्तिहरु, बहिरा व्यक्तिहरु, दैनिक जीवन सम्पादन आफैँ गर्न सक्ने तर सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरुलाई "ख" वर्गको परिचयपत्र उपलब्ध गराइनेछ । यस वर्गको परिचयपत्र निलो रंगमा सुनौला अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

ग) **मध्यम अपाङ्गताः–** कृत्रिम अङ्गको प्रयोग वा सहायक सामग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफैँ गर्नसक्ने, पोलियो भई घुँडामुनिको अङ्गमामात्र प्रभाव परेको, स्वतन्त्र रुपमा हिँड्डुल गर्नसक्ने शारीरिकरुपमा अपाङ्गता भएका व्यक्तिहरु, हत्केलाभन्दा मुनिका कम्तीमा बूढीऔँला र चोरऔँला नभएका तथा कुर्कुच्चाभन्दा मुनिको भाग नभएका, मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको, सिकाइमा ढिला भएका बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, श्रवणयन्त्रको प्रयोगबाट मात्र सुन्नसक्ने सुस्त श्रवण व्यक्तिहरु, शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नसक्ने व्यक्तिहरु, तीव्र भकभके व्यक्तिहरु, तीन फिटमुनिका पुड्का व्यक्तिहरु, चस्मा र श्रवणयन्त्र दुबै प्रयोग गर्ने श्रवण-दृष्टिविहीन व्यक्तिहरु, लेन्स वा म्याग्निफायरको प्रयोगबाट मात्र पढ्नसक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु, समूह"ग" को अपाङ्गता वर्गमा पर्दछन् । यस वर्गको परिचयपत्र पहेँलो रंगमा नीलो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

घ) **सामान्य अपाङ्गताः–** शारीरिक अङ्गहरुमा सामान्य विचलन भए तापनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाई नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूलो अक्षर पढ्नसक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरु, हत्केलामुनिका कम्तीमा बूढीऔँला र चोरऔँला भएका, खुट्टाको औँलाका भागहरु नभएका, श्रवणयन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु, स्मरणशक्ति ज्यादै कम भई सिकाइमा कठिनाई हुने बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु "घ" वर्गमा पर्दछन् । यस वर्गको परिचयपत्र सेतो रंगमा कालो अक्षरले स्पष्ट पहिचान हुने गरी जारी गरिनेछ ।

६. **आयोगले उत्तरपुस्तिका परीक्षणका क्रममा प्रयोग गर्ने गरेको OMR प्रविधि भनेको के हो ?**

OMR को पूरा रुप Optical mark reader हो । यो एक प्रकारको प्रविधि हो । यसलाई उत्तरपुस्तिकाहरु परीक्षणको क्रममा प्रयोग गरिन्छ । मूलतः बस्तुगत बहुउत्तर आउने खालका उत्तरपुस्तिकाहरु यस मेशिनबाट परीक्षण गर्न सकिन्छ । लोक सेवा आयोगले २०७० देखि यस प्रविधिबाट बस्तुगत बहुउत्तर आउने खालका प्रश्नहरुको उत्तरपुस्तिका परीक्षण गर्दै आएको छ। हाललाई विभिन्न श्रेणी/तह र सेवा/समूहका विभिन्न प्राविधिक एवं राजपत्राकिंत तृतीय श्रेणी वा सो सरहका सँयुक्त र एकीकृत परीक्षा प्रणाली अनुसार प्रथम चरणको बस्तुगत वहुउत्तर परीक्षाको उत्तरपुस्तिकाहरु यस प्रविधिबाट परीक्षण गरिन्छ। यसरी उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा Manual रुपमा परीक्षण गर्ने भन्दा छिटो, त्रुटिरहित र कम स्रोत साधनमा आफ्नो System अनुसार उत्तरपुस्तिकाहरु परीक्षण गर्न सकिन्छ। यसले आयोगका काम कारवाहीलाई छिटो, छरितो विश्वसनिय बनाउन सहयोग गर्दछ ।

हाल लोक सेवा आयोग केन्द्रीय कार्यालयमा मात्र मूलतः प्राविधिक पदहरु र राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत वा सो सरहका पदका लागि लिइने प्रथम चरणको परीक्षाका उत्तरपुस्तिकाहरु यो प्रविधिबाट परीक्षण गर्ने गरिएको छ भने छिटै नै आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुमा यो सेवा विस्तार गर्न आयोग लागि परेको छ ।

यो प्रविधिबाट उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षामा प्रयोग गरीने उत्तरपुस्तिका छुटै किसिमको हुन्छ । उक्त उत्तरपुस्तिकामा आफै कोड रहेको हुन्छ फलतः लिखित परीक्षा पश्चात उत्तरपुस्तिकालाई पहिलो र दोस्रो कोडिङ पनि गरिरहनु पर्दैन । तर उत्तरपुस्तिका ओसीएको (चिसो), च्यातिएको, दोब्रिएको उत्तरपुस्तिका उल्लेख भएका विवरणहरु सो बमोजिम नभरीएको खण्डमा भने मेशिनले उत्तरपुस्तिकाको परीक्षण गर्न नसक्ने भएकोले परीक्षा लिने, दिने, परीक्षण गर्ने/गराउने सबै पक्षले विशेष सतर्कता अपनाउनुपर्ने देखिन्छ ।

७. **उत्तरपुस्तिकामा दोहोरो सांकेतिकरण** (Dual coding) **भनेको के हो ? यसो गर्नुको कारण के हुन सक्छ ?**

लोक सेवा आयोगद्वारा सञ्चालन गरिएका लिखित एवं प्रयोगात्मक परीक्षाहरुमा परीक्षार्थीको उत्तरपुस्तिकामा पहिलो र दोस्रो संकेत नं. (अंक/अक्षर) राख्ने कार्यलाई दोहोरो सांकेतिकरण भनिन्छ ।

आयोगबाट लिइने लिखित परीक्षा सम्पन्न भएपछि अनिवार्य रुपमा उत्तरपुस्तिकामा पहिलो तथा दोस्रो संकेत नयाँ राख्नुपर्दछ ।

आयोगले उत्तरपुस्तिकामा पहिलो संकेत राख्ने वा राख्न लगाउने जिम्मेवारी आयोगको केन्द्रीय कार्यालयको हकमा सम्वन्धित महाशाखा प्रमुख र क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरुको हकमा आयोगको केन्द्रीय कार्यालयको प्रतिनिधिको रोहवरमा सम्बन्धित कार्यालय प्रमुखको रहेको हुनेछ ।

पहिलो संकेत नं. कालो मसिले राख्नुपर्दछ । उत्तरपुस्तिकामा पहिलो संकेत राखेपछि उम्मेदवारको नाम थर र रोल नं., विषय, मिति आदि लेखिएको अर्धकट्टी पाना च्यातेर सिलबन्दी गरेर राख्नुपर्दछ ।

उत्तरपुस्तिकामा दोस्रो संकेत आयोगको सचिवले तोकेको अधिकृत कर्मचारीले राख्नेछ । दोस्रो संकेत नम्वर रातो मसीले राख्नुपर्नेछ । दोस्रो संकेत नं.राखिसकेपछि पहिलो र दोस्रो संकेत नं. भएको अर्धकट्टी च्याती छुट्टै सिलबन्दी गर्नुपर्दछ । दोस्रो संकेतको अर्धकट्टीको सिलवन्दी पोका आयोगको अध्यक्ष वा निजले तोकेको आयोगका कर्मचारीको जिम्मामा रहनेछ ।

**संकेत नं. सम्बन्धी केही विचारणीय पक्षहरु**

- एउटै विज्ञापनका सवै परीक्षाहरुको उत्तरपुस्तिकाहरु तलमाथी पारी छ्यासमिस गरी पहिलो र दोस्रो संकेत राख्ने गरिन्छ ।
- पहिलो र दोस्रो संकेत नं.को अर्धकट्टी सिलबन्दी पोका/खाम लिखित परीक्षाको नतिजा प्रकाशन गर्न लिखित रुपमा माग भई आएपछि मात्र बुझाउनुपर्नेछ ।
- एउटा संकेत नं. राख्दा संलग्न कर्मचारीलाई अर्को संकेत नं. राख्ने कार्यमा सहभागी गराइँदैन ।
- पहिलो र दोस्रो संकेत नं. दोहिरिनु हुँदैन । अंकको संख्या पनि फरकफरक हुन्छ ।
- पहिलो संकेत नं. राख्ने क्रममा सबै विषयको परीक्षामा उपस्थित नहुने उम्मेदवारको उत्तरपुस्तिकामा संकेत नम्बर नराखी छुट्टै रजिष्टरमा विवरण उल्लेख गरी राख्नुपर्दछ ।

यस पश्चात् उम्मेदवारको परीक्षण गरिने उत्तरपुस्तिकामा दोस्रो संकेत नं. मात्र रहन्छ । यसरी उत्तरपुस्तिकामा दोहोरो संकेतीकरण गर्नुको मुख्य उद्देश्य उम्मेदवारको उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा पहिचान हुन नसकोस् भन्ने नै हो । यसको साथै उत्तरपुस्तिका परीक्षणका लागि व्यवस्थित गर्न, उत्तरपुस्तिकाको लगत राख्न सबै परीक्षामा सम्मिलित नहुने परीक्षार्थीको विवरण पनि यसमार्फत राख्न सहज हुन्छ ।

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्परुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ३७७ जना (राजपत्रांकित श्रेणीतर्फ १२५, राजपत्र अनंकित श्रेणीतर्फ १६८ र श्रेणीविहीनतर्फ ८४), कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तवार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | |

| क्र.सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम |
|---|---|---|---|
| १ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री नारायणप्रसाद शर्मा दुवाडी | क) परीक्षा संचालन शाखा (प्राविधिक) | श्री इश्वरीप्रसाद अर्याल |
| | | ख) परीक्षा संचालन शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री सूर्यनाथ कोईराला |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| २ | प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा<br>सहसचिव<br>श्री लोकहरि पाण्डे | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री टेकनाथ शर्मा पौडेल |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | श्री जानकी राम शर्मा बराल |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| ३ | प्रशासन तथा योजना महाशाखा<br>सहसचिव<br>श्री केदारनाथ शर्मा | क) प्रशासन शाखा | श्री झक्कप्रसाद आचार्य |
| | | ख) सूचना तथा प्रकाशन शाखा | श्री गीताकुमारी होमेगाईं |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा समन्वय शाखा | श्री शिवराम न्यौपाने |
| ४ | परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>श्री खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि तथा अनुसन्धान शाखा | श्री सर्मनुलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री राजीव गौतम | क) नीति नियम तथा अभिलेख शाखा | श्री सन्तोष दाहाल |
| | | ख) वढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री कोमलनाथ आचार्य |

| | | |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिव, सचिव, आयोगका सदस्य, अध्यक्ष तथा आयोग, सम्बन्धित अदालत |
| ९. | सम्पादन गरेको कामको विवरण | परीक्षा सञ्चालन, उपयुक्त उम्मेदवारको छनौट, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्त, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान, सूचना प्रकाशन आदि |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशकुमार मैनाली<br>सचिव श्री विष्णुप्रसाद लम्साल<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई,<br>सहायक सूचना अधिकारी - शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटा |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको अन्तरिम संविधान, २०६३<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको निरीक्षण निर्देशिका, २०५१<br>– लोक सेवा आयोगको कार्य पद्दति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य । |
| (ख) | सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np, हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (अवस्था अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री केशवकुमार ढकाल | ०२६-५२०१३१, ५२०१५१ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ४४१०७८२, ४४१०९६५, |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री जीतबहादुर भट्टराई | ०६१-४६३१४५, ४६३५०६ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०८३-५२०१०६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | निर्देशक, श्री देवीप्रसाद बगाले | ०९४-४४०१४७, ४४०१७८ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, खोटाङ | शाखा अधिकृत, श्री सबिता के.सी.. | ०३६-४२०१७७ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | नायब सुब्बा, श्री मनिकुमार तामाङ | ०४४-५२०१४७ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री शालिकराम दाहाल | ०५७-५२०३०२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बागलुङ | शाखा अधिकृत, श्री गंगाधर पौडेल | ०६८-५२२६४७ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री तुलसा सेढाई | ०८२-५२००१३ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री दशरथ बुढा | ०८७-५२०००८ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री ध्रुव गिरी | ०९९-५२१२०९ |
| १५. | काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र | शाखा अधिकृत, श्री प्रेमप्रसाद देवकोटा | ०१-४७७१२१४ |

# केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### राजपत्रांकित तथा राजपत्र अनंकित श्रेणी/तहका पदहरुको पदपूर्ति सम्बन्धी आ.व. २०७१/७२ को वार्षिक कार्यतालिका

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | मंसीर/पुस | पुस अन्तिम बुधबार | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | खुला र आ.प्र.द्वारा | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।